# मनहरी गाउँपालिका
# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुबिधा) सम्बन्धी कार्यविधि, २०७९

मनहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

# महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुबिधा) सम्बन्धी कार्यविधि, २०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७९।१०।२६

गाउँपालिका अध्यक्षज्यूबाट प्रमाणित मिति २०७९।१०।२६

प्रस्तावना:

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं.६ मा स्वयंसेवाको अवधारणालाई बिकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानिय तहवाट गर्न निर्देशन गरेको छ । गाउँपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमिमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भुमिकालाई उच्च मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवा सुबिधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मनहरी गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यबिधि बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यबिधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुबिधा) सम्बन्धी कार्यबिधि, २०७९" रहने छ ।

(२) यो कार्यबिधि मनहरी गाउँपालिका गाउँकार्यपालिका बैठकले पारित गरेपछि लागू हुनेछ ।

**२.परिभाषा:** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा:

(क) "कार्यविधि" भन्नाले "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुबिधा) सम्बन्धी कार्यबिधि,२०७९" सम्झनु पर्दछ ।

(ख) "छनोट" भन्नाले पहिलो पटक वा पून: तोकिएको प्रकिया र बिधि पूरा गरी छनोट भएको योग्य व्यक्ति सम्झनु पर्दछ ।

(ग) "बिदाई" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ ।

(घ) "स्वयंसेविका" भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्धारा छनोट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेको पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्धारा प्रदान गरिने बिभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्याउने स्वयंसेवी महिलालाई जनाउँछ । साथै यस शब्दले आमा समुहबाट छनोट भई तालिम लिन बाँकि रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ ।

(ङ) "स्वास्थ्य आमा समुह" भन्नाले समुदायको सहभागीतामा स्थानीय स्वास्थ्य संस्थाको स्वास्थ्य कार्यकर्ताले प्रजनन उमेरका महिलाहरुलाई समाबेश गरी समुदायमा स्वास्थ्य आमा

अध्यक्ष

समुह गठन गर्नेछ । उक्त स्वास्थ्य आमा समुहमा एक जना अध्यक्ष र आवश्यकता अनुसार अन्य पदाधिकारीहरु रहनेछन् ।

## परिच्छेद २
## स्वयंसेविका छनोट संम्बन्धी व्यवस्था

**३. स्वयंसेविका छनोटः** (१) स्वायंसेविकाको छनोट राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यकम रणनीति २०६७,(पहिलो संसोधन २०७६) अनुसार देहायको प्रावधान बमोजिम हुनेछ ।

(क) तेकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको महिला हुनु पर्ने ।

(ख) कम्तीमा ५ बर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिबद्धता गरेको हुनुपर्ने ।

(ग) समाज सेवा गर्न ईच्छा भएको ।

(घ) २५ बर्ष उमेर पूरा भई ४५ बर्ष ननाघेको ।

(ङ) राजनितिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको ।

(च) कुनै पनि लाभको पदमा बहाल नरहेको ।

(छ) कम्तीमा १० कक्षा उत्तीर्ण गरेको ।

(ज) योग्यता पुगेको महिलाले आमा समुहमा निबेदन दिए पश्चात संबन्धित स्वास्थ्य संस्थाको रोहबरमा स्वास्थ्य आमा समुहले स्वयंसेविका छनोट गर्नेछ ।

(२) लोपोन्मुख, आदिबासी र दलित वर्गलाई प्राथमिकता दिइने ।

## परिच्छेद ३
## स्वयंसेविकाको भुमिका तथा जिम्मेवारी

**४. भुमिका तथा जिम्मेवारीः**

क) स्वास्थ्य आमा समुहको नियमित बैठक राख्न समुहको अध्यक्षलाई सहयोग गर्ने ।

ख) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुले स्वास्थ्य आमा समुहको माध्यामबाट समुदायका घरघरमा स्वास्थ्य सम्बन्धि सचेतना अभिबृदि गर्ने तथा स्थानीय तहमा उपलब्ध स्वास्थ्य सेवाको उपयोग बढाउन सुचना प्रवाह गर्नेछन् ।

ग) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुले परिवार नियोजन,खोप,सुरक्षित मातृत्व,प्रजनन स्वास्थ्य,नवजात शिशु स्याहार,पोषण,सरुवा तथा महामारी रोगहरु,नसर्ने रोगहरु,मानसिक स्वास्थ्य लगाएतका बिषयहरुमा स्वास्थ्य शिक्षा दिनेछन् । यसका अलावा राष्ट्रिय स्वास्थ्य अभियानमा सहयोग गर्नुका साथै स्थानीय तहबाट तोके बमोजिम अन्य भुमिकाहरु निर्वाह गर्नेछन् ।

घ) महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुले आफुले गरेको मासिक तथा बार्षिक कार्यको विवरण स्थानीय स्वास्थ्य संस्थालाई तोकिएको ढाँचा तथा अबधिमा जानकारी गराउनेछन् ।

ङ) आबश्यकता अनुसार सेवाको उपयोगमा बृद्धि गर्नका लागी स्वास्थ्य संस्थामा प्रेषण गर्नेछन् ।

## परिच्छेद ४
## सेवा सुविधा सम्बन्धी व्यवस्था

५. **सेवा तथा सुविधाः** (१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुविधा दाबी गर्न पाउने छैन । सकभर सेवा सुविधा बैंक मार्फत उपलब्ध गराइने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वयंसेविकाले मासिक रुपमा आमा समुहको बैठक सञ्चालन, मासिक बैठकमा उपस्थिती, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता कियाकलापमा उत्प्रेरणाको लागि अनुसुची १ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ । नेपाल सरकारबाट निश्चित स्वयंसेविकालाई पोशाक खर्च उपलब्ध हुने र कार्यरत मध्ये उपलब्ध नहुनेको हकमा गाउँपालिकाले पोषाक खर्च उपलब्ध गराउने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ७ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुबिधा उंपलब्ध गराइने छैन ।

## परिच्छेद ५
## बिदाइ तथा सेवा रद्द सम्बन्धी व्यवस्था

६. **स्वयंसेविकाको बिदाईः** (१) दफा ३ अनुसार छनोट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट बिदाई हुनेछ :

(क) राजिनामा दिएमा,

(ख) ६० बर्ष उमेर पूरा भएमा,

(ग) स्वयंसेविकाले आमा समुह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी बिदाई लिएमा,

(घ) राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

(ङ) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेंगाना रही ९० प्रतिशत भन्दा कम अवधि बसोबास गरेको अवस्था रहेमा

७.**स्वयंसेविकाको सेवा रद्द गरिनेः** (१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्द गरिनेछः

(क)स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा,

(ख)भ्रष्टाचार, अनुशासनको उल्लङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग)जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहिं कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ति लिई सेवा सुबिधा वा तलब स्केलमा रहेको पाईएमा,

घ) अन्यत्र बसाईसराइ गरी गएमा ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले बिना सुचना चार महिना सम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्द हुनेछ ।

## परिच्छेद ६
## विविध

८. **अन्य छुट बिषय सम्बन्धीः** यस कार्यबिधिमा उल्लेख नभएका वा समाबेस नभएका बिषयका सम्बन्धमा मनहरी गाउँपालिका गाउँकार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ ।

९.संसोधन तथा खारेजी: मनहरी गाउँपलिका गाउँ कार्यपालिकाले यस कार्यबिधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ ।

१०.निस्कृय: यस कार्यबिधि संग बाझिने यस अधिका जुनसुकै कार्यबिधि स्वत: निस्कृय हुनेछ ।

## अनुसूची १
### दफा ५(२) सँग सम्बन्धित
### स्वयंसेविकाले पाउने सुविधा

| सि.नं. | कियाकलाप | बर्ष /महिना /पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्वयंमसेविका सम्मान बिदाइ खर्च | २० बर्षभन्दा बढी अवधि सेवा गरेको | रु ५०,०००। | एकमुष्ठ |
| | | २० बर्ष भन्दा कम अवधि सेवा गरेको | प्रति बर्ष रु २,०००।-का दरले | |
| २ | मासिक बैठक एवं खोप कार्यकम आमा समुहको बैठक सञ्चालन लगायतको लागि यातायात तथा समुदाय भ्रमण खर्च | प्रति महिना | रु २,५००। | |
| ३ | बार्षिक चाड पर्व खर्च | प्रति बर्ष | रु १०,०००। | |
| ४ | अन्य सुविधा | | | गाउँपालिकाको निर्णय अनुसार हुनेछ। |

आज्ञाले

मोहनकुमार श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

मनहरी गाउँपालिका

अध्यक्ष